# अर्थ तथा प्राकृतिक स्रोत समितिको परिचय र क्रियाकलाप

**परिचयः-**

लोकतान्त्रिक शासन व्यवस्थामा राज्य शक्तिको स्रोत जनता हुने र जनतामा निहित सार्वभौमसत्ताको प्रयोग जनप्रतिनिधिहरुद्धारा गरिन्छ।संसदीय शासन प्रणालीमा संसदको भूमिकालाई प्रभावकारी बनाई नियमित तथा आकस्मिक कार्यहरुलाई निरन्तर अगाडि बढाउन संसदका सदस्यहरु मध्येबाट तोकिएका सदस्यहरु रहने गरी विभिन्न संसदीय समितिहरु गठन गरिन्छन् ।प्रदेश सभाबाट समितिमा आएका विधेयकहरुलाई दफावार छलफल गरी परिमार्जन र परिष्कृत गर्नका साथै सरकारका काम कारवाहिहरुको अनुगमन तथा मूल्यांकन र सभाका अन्य कार्यहरुलाई व्यवस्थित र प्रभावकारी रूपमा सम्पादन गर्न, जिम्मेवार तुल्याउन र प्रदेश सरकारलाई सभा तथा जनताप्रति उत्तरदायी बनाउन प्रदेश सभा अन्तर्गत गठित अर्थ तथा प्राकृतिक स्रोत समिति एउटा महत्वपूर्ण विषयगत समिति हो ।

**२. समितिको गठन प्रक्रियाः-**

समितिको सदस्यहरुको मनोनयन गर्दा सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलको सदस्य संख्या, महिला, दलित, आदिवासी/जनजाती, मधेशी, थारु, मुस्लिम र पिछडिएको क्षेत्र, खस-आर्य तथा अन्य समानुपातिक प्रतिनिधित्व गराउनु पर्ने प्रावधान प्रदेश सभा नियमावली, २०७४ ले गरेको छ । मुख्यमन्त्री र विषयसङ्ग सम्बन्धित विभागीय मन्त्री पदेन सदस्य रहने बाहेक कुनै पनि सदस्य एक भन्दा बढी समितिको सदस्य हुन पाउदैंन । समितिमा पदेन सदस्यको अतिरिक्त देहाय बमोजिमका ९ (नौ) जना माननीय सदस्यहरु रहनु भएको छ ।

| | |
|---|---|
| १. मा. श्री गणेश प्रसाद सिंह | अध्यक्ष |
| २. मा. श्री अमृता शाही | सदस्य |
| ३. मा. श्री कुर्मराज शाही | सदस्य |
| ४. मा. श्री वीर बहादुर शाही | सदस्य |
| ५. मा. श्री यामलाल कंडेल | सदस्य |
| ६. मा. श्री सीता कुमारी नेपाली | सदस्य |
| ७. मा. श्री शोसिला शाही | सदस्य |
| ८. मा. श्री हिम बहादुर शाही | सदस्य |

### ३. समितिको सचिवालयः

प्रदेश सभा सचिवालय अन्तर्गत अर्थ तथा प्राकृतिक स्रोत समितिको सचिवालय रहेको छ । यस समितिमा प्रदेश सभा सचिवालयले तोकेका कर्मचारीहरु हुने र प्रदेश सभा सचिवालयले नै एक जना अधिकृत स्तरको कर्मचारी लाई समिति सचिव र अन्य सहायक कर्मचारीहरुलाइ समिति सचिवालयको काम काज गर्नको लागि तोक्ने व्यवस्था भए बमोजिम यस समितिमा तपशिल बमोजिमका कर्मचारीहरु कार्यरत रहेका छन्:

| क्र.सं. | कर्मचारीको नाम, थर | पद |
|---|---|---|
| १ | श्री पदम प्रसाद जैसी | समिति सचिव |
| २ | श्री सदामसिंह राठौर | सहायक कर्मचारी |
| ३ | श्री हरिकुमार बि.सी. | सहयोगी कर्मचारी |

### ४. समितिको कार्य क्षेत्रः-

प्रदेश सरकारबाट भए गरेका काम कारवाहीको अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन प्रदेश सभा नियमावलीको नियम १४५ अनुसार यस समितिको कार्यक्षेत्र अन्तर्गत देहाय बमोजिमका मन्त्रालय तथा आयोगहरु पर्दछन् :

- आर्थिक मामिला तथा योजना मन्त्रालय र सो मातहतका निकायहरु,
- भौतिक पुर्वाधार विकास मन्त्रालयर सो मातहतका निकायहरु,
- उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयर सो मातहतका निकायहरु ।

### ५. समितिको काम, कर्तव्य र अधिकारः-

समितिको काम संशोधनको सूचना परी सभाबाट समितिमा आएका विधेयकहरुलाई संशोधनसहित परिमार्जन, सुधार गरी परिष्कृत गर्नुका साथै सरकरलाई प्रदेश सभाप्रति जिम्मेवार तुल्याउनु र समितिको कार्यक्षेत्र भित्रका सरकारका विगत र वर्तमानका विभिन्न काम कारवाहीहरुको अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन र सल्लाह प्रदान गर्नु हो । प्रदेश सभा नियमावली २०७४ को नियम ५० को व्यवस्था अनुसार समितिका काम कर्तव्यहरूः-

- अर्थ तथा प्राकृतिक स्रोत समितिको समन्वयमा बजेटका सिद्धान्त र प्राथमिकता सम्बन्धमा प्रदेश सभा सदस्यहरूबिच छलफल गराई सरकारलाई आवश्यक सुझाव दिन सक्नेछ ।
- बजेटका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव वाहेक) आर्थिक मामिला तथा योजना मन्त्री र सम्बन्धित मन्त्रीको उपस्थितिमा सम्बन्धित मन्त्रालयका विषयमा सम्बन्धित समितिमा छलफल गरी सरकारलाई सुझाव र निर्देशन दिन सक्नेछ ।

- सभाले निर्धारण गरेको समितिले नियम ५ अनुरूप सभा समक्ष प्रस्तुत हुन आएको आवेदनपत्रउपर जाँचवुझ गरी सभामा प्रतिवेदन पेश गर्नेछ ।
- यो नियम वा सभाको निर्णयद्वारा समितिलाई दिइएको अन्य कुनै कार्य र जिम्मेवारी निर्वाह गर्नेछ।
- समितिले आफ्नो कार्यसम्पादनका लागि आवश्यक पर्ने कार्यविधि आफैले निर्धारण गर्नेछ।

**६. समितिले गरेका प्रमुख कार्यहरुः-**

- सार्वजनिक र निजी क्षेत्रको साझेदारीको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको सम्वन्धमा तयार भएको प्रतिवेदन पारित गरी प्रदेश सभामा पेश गर्ने निर्णय गरिएको।
- कर्णाली प्रदेशको वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६, सम्बन्धमा तयार भएको प्रतिवेदन समितिबाटपारित गरी प्रदेश सभामा पेश गर्ने निर्णय गरिएको ।
- दैलेख र जाजरकोट जिल्लामा अनुगमन पश्चात देखिएका विषयहरूबारे समितिमा सम्बन्धित विभागीय मन्त्री, सचिव समेतलाई बोलाई निर्देशन दिने कार्य गरिएको ।